# मानव अधिकार-पत्र
# Human Rights Newsletter

राष्ट्रिय मानव अधिकार आयोग

वर्ष २, अङ्क २ | राष्ट्रिय मानव अधिकार आयोगको द्वैमासिक बुलेटिन | २०७३ असोज-कात्तिक


## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विना मानव अधिकार पूर्ण नहुने

**ललितपुर**/ आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको प्रभावकारिताका लागि आयोगले सबैका लागि घरघरमा मानव अधिकार : शान्ति र विकासको आधार भन्ने नारा तय गरेको बताउनुभयो । उहाँले राष्ट्रिय मानव अधिकार आयोग आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार संरक्षणमा सदा क्रियाशील रहँदै आएको जानकारी गराउँदै आगामी दिनमा विभिन्न विषयगत संस्थाहरूसँग समन्वय र सहकार्यबाट अगाडि बढ्ने धारणा राख्नुभएको थियो ।



जुरी नेपालका अध्यक्ष राजु चापागाई तथा महिला, दलित, जनजाति, मुस्लिम, जेष्ठ नागरिक लगायतको अधिकारको क्षेत्रमा क्रियाशील व्यक्तिहरूले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विना मानव अधिकार पूर्ण नहुने हुनाले आयोगले यसतर्फ ध्यान दिनु जरुरी रहेको धारणा राख्नु भएको थियो । राष्ट्रिय मानव अधिकार अयोग तथा जुरी नेपाल बीच भएको आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी छलफलमा राज्य एवं आयोगको भूमिका सम्बन्धमा समेत चर्चा भएको थियो ।



---

## भूकम्प पीडितहरूको अवस्थाप्रति सरकारको पर्याप्त ध्यान पुग्न आवश्यक

**काठमाडौं**/ राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य श्री प्रकाश वस्तीले भूकम्प पछिको मानवीयताको अवस्थाको जानकारी लिन आफै कार्यस्थलमा पुग्दा पनि सरकारले जति देखाउनु पर्ने सक्रियतता नदेखाएको हुँदा पीडितको अवस्थामा खास सुधार आउन नसकेको कुरा औल्याउनु हुँदै भूकम्पपश्चातको राहत वितरणले जनतालाई झन अल्छि बनाएका कारण दिगो तथा भरपर्दो भविष्यको निकासमा वाधा पुगेको अनुभव राख्नु भएको थियो । उहाँले राहत एक अस्थायी सहायता मात्र हो भन्ने ज्ञान सर्वसाधारणलाई समयमै नहुँदा परनिर्भरता बढेको बताउनु भयो । मानवअधिकारको दृष्टिले भूकम्प प्रभावितहरूको अवस्था अझै कष्टकर र दयनीय रहेको स्वीकार्दै त्यसका लागि राज्यको कदम प्रष्ट र दिगो हुनुपर्नेमा जोड दिनु भएको थियो । गैरसरकारी संस्था महासंघ ,नेपालले भूकम्प प्रभावित १४ जिल्लाका जिल्ला अध्यक्ष र महासंघको सम्पूर्ण केन्द्रिय सदस्यहरूको सहभागितामा भूकम्प-पश्चात व्यवस्थापनको प्रभावकारी अनुगमन सम्बन्धमा राष्ट्रिय कार्यशाला गोष्ठीमा वहाँले उक्त धारणा राख्नु भएको थियो ।



# बाल अधिकार महासन्धिको तेस्रो आलेख अनुमोदन अपरिहार्य

**काठमाडौँ** / चाइल्ड नेपालको आयोजनामा बाल अधिकार महासन्धिको तेस्रो इच्छाधीन आलेख (Third Optional Protocol on individual communication Procedure) को अनुमोदनसम्बन्धी राष्ट्रिय कार्यशाला गोष्ठी काठमाडौँमा सम्पन्न भयो । उक्त कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य तथा प्रवक्ता मोहना अन्सारीले प्रमुख अतिथिको रुपमा मन्तव्य राख्दै बालबालिकाको अधिकारको संरक्षण र सम्वर्द्धनको लागि यस आलेखको अनुमोदनका लागि अपरिहार्य रहेको बताउनु भयो । सदस्य अन्सारीले भन्नुभयो- बालअधिकारको हनन तथा ज्यादतीका घटनाहरूलाई अभिलेखीकरण गर्न र कानुनको दायरामा ल्याउनका लागि यो आलेख महत्वपूर्ण छ। बालअधिकारको सरक्षण तथा संर्वद्धनका लागि भएका संरचनाहरू प्रभावकारी हुन पर्नेमा जोड दिँदै सदस्य अन्सारीले बाल अधिकार महासन्धिको तेस्रो आलेख अनुमोदन आयोगबाट लिखित अनुरोधपत्र पठाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।



# राष्ट्र संघीय मानव अधिकार समितिहरूमा प्रतिवेदनहरू समयमै पेश गर्न आयोगको आग्रह

**ललितपुर**/ संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिहरूमा नेपाल सरकारले आवधिक रुपमा पेश गर्नुपर्ने प्रतिवेदनहरू समयमा नै पेश हुन नसकेकोतर्फ राष्ट्रिय मानव अधिकार आयोगले प्रेस विज्ञप्ति मार्फत ध्यानाकर्षण गराएको छ । प्रेस विज्ञप्तिमा संयुक्त राष्ट्र संघीय यातना विरुद्धको समितिमा प्रत्येक चार-चार वर्षमा पेश गर्नुपर्ने प्रतिवेदनको तेस्रो, चौथो र पाँचौ प्रतिवेदन संयुक्त रुपमा पेश गर्ने तयारी नेपाल सरकारले गरिरहेको तथा जातीय विभेद विरुद्धको महासन्धि सम्बन्धमा पनि नेपाल सरकारबाट १७ औं देखि २२ औं प्रतिवेदन अझै पेश हुन नसकेको स्थिति रहेको कुरा उल्लेख गरिएको छ ।

संयुक्त राष्ट्रसंघीय यातना विरुद्धको समितिमा नेपाल सरकारको तर्फबाट पेश हुन लागेको प्रतिवेदनउपर आयोगले २०७३/७/३ मा गृह मन्त्रालयलाई आफ्नो राय/सुझाव पठाएको छ । आयोगको सुझावमा बिनापूर्जी पक्राउ गर्ने, गैरकानुनी थुनामा राख्ने, गैरकानुनी हत्या, वेपत्ता, यातना र थुनामा रहेको अवस्थामा भएका मृत्यु जस्ता घटनाहरूमा आयोगले गरेका सिफारिशहरूको कार्यान्वयन र दोषीहरू माथि गरिएको कारवाहीको तथ्यांकगत विवरण, कारागार तथा थुनुवा केन्द्रहरूको सुधार, बालबालिकाहरूलाई सुधारगृहमा राख्ने व्यवस्था, कैदीबन्दीहरूको मानवअधिकारको प्रत्याभूतिको लागि गठित आयोग तथा समितिहरू र गैरसरकारी संस्थाहरूले दिएका प्रतिवेदनहरूको कार्यान्वयनको अवस्था, व्यक्ति वेपत्तापार्ने (कसुर र सजाय) सम्बन्धी विधेयक, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को संशोधन विधेयकको सम्बन्धमा समेत उल्लेख गर्न भनिएको छ ।

यस्तै, नेपाल सरकारले व्यवस्थापिका संसद समक्ष प्रस्तुत गरेको यातना दिने तथा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार (नियन्त्रण विधेयक) २०७१ मा आयोगले मिति २०७३/६/१२ मा प्रेषित सुझावहरूमा यातनाविरुद्धको कसुरमा उजुरी दिने हदम्यादको व्यवस्था हटाउन, अनुसन्धान पछि मुद्दा दर्ता गर्ने हदम्याद १ वर्षबाट घटाएर २५ दिन बनाउन, यातना विरुद्ध राष्ट्रिय मानव अधिकार आयोगबाट मुद्दा चलाउन भनी सिफारिश भई गएको अवस्थामा जुनसुकै बखत मुद्दा चलाउने व्यवस्था समावेश गर्न, विधेयकमा गरिएको सजायसम्बन्धी व्यवस्थामा परिमार्जन गरी यातना विरुद्धको कसुरको कैद अवधि र जरीवानालाई १० वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरीवाना हुने व्यवस्था गर्न, पीडितको गाम्भीर्यतालाई हेरी पचास प्रतिशतसम्म थप सजाय हुने व्यवस्था गर्न र यातनाको कारण आजीवन उपचार गर्नुपर्ने अवस्था भएमा राज्यले पीडितको सम्पूर्ण उपचारको व्यवस्था तथा आश्रित परिवारको भरण पोषण, शिक्षा लगायतको व्यवस्था गर्न सिफारिस गरिएको छ ।

# महिला अधिकार शिक्षा कार्यक्रम

**विराटनगर** / राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय विराटनगरले महिला मानव अधिकार शिक्षा सम्बन्धमा सुनसरीको इनरुवा तथा मोरङ जिल्लाको डायनियामा अन्तरक्रिया कार्यक्रम गर्‍यो । उक्त दुवै अन्तरक्रिया कार्यक्रममा दलित, जनजाति, मधेशी तथा मुस्लिम समुदायका महिलाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । अन्तरक्रिया कार्यक्रममा महिला मानव अधिकार र यसको उल्लंघन भएमा उजुरी प्रकृयाको बारेमा जानकारी गराइएको थियो । दुवै स्थानमा आयोजित कार्यक्रममा सहभागी महिलाहरूलाई मानव अधिकार र महिला मानव अधिकारको बारेमा जानकारी दिन जागरुक उल्लंघन भएमा आयोगमा उजुरी गर्न आव्हान गरिएको थियो ।

# महिला तथा बालबालिकाको अधिकार बढी जोखिममा



**सिन्धुली/** "सबैका लागि घरघरमा मानव अधिकार शान्ति र विकासको आधार" सम्बन्धी चेतनामुलक कार्यक्रम सिन्धुलीमा सम्पन्न भएको छ।

कार्यक्रमको उद्घाटन गर्दै सिन्धुली जिल्लाका प्रमुख जिल्ला अधिकारी ताराबहादुर कार्कीले यो कार्यक्रमले स्थानीय स्तरमा मानव अधिकारको सचेतना अभिवृद्धिको लागि महत्वपूर्ण भुमिका खेल्ने विश्वास व्यक्त गर्नुभएको थियो। वहाँले जिल्लामा सबैभन्दा बढी महिला तथा बालबालिकाहरू मानव अधिकारको उपभोगवाट वञ्चित भएकोले महिला तथा बालबालिकाको अधिकारको लागि क्रियाशील हुन सहभागीहरूलाई आग्रह गर्नुभएको थियो।

उद्घाटन कार्यक्रममा नेपाल पत्रकार महासंघ सिन्धुलीका सभापति द्वारिका काफ्ले, इन्सेक जिल्ला प्रतिनिधि विमला पाण्डे तथा राष्ट्रिय मानव अधिकार आयोगका मानव अधिकार अधिकृत हरिप्रसाद ज्ञवालीले मन्तव्य राख्नुभएको थियो। तालिममा महिला स्वास्थ्य स्वयंसेविका, सामाजिक परिचालक, वडा नागरिक मञ्चका अध्यक्ष, स्थानीय मानव अधिकारकर्मी, पत्रकार तथा सरकारी कार्यालयका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

आयोगका मानव अधिकार अधिकृतद्वय हरिप्रसाद ज्ञवाली र दीपा आचार्य तथा स्थानिय मानव अधिकारकर्मीहरू विमला पाण्डे र गोकुल भुजेलले तालिमको सहजीकरण गर्नुभएको थियो।

# रेडक्रसकर्मीलाई आधारभूत मानव अधिकार तालिम

**काभ्रे/** राष्ट्रिय मानवअधिकार आयोगको आयोजनामा काभ्रेको बनेपामा आधारभूत मानव अधिकार तालिम सम्पन्न भएको छ। नेपाल रेडक्रस सोसाइटी काभ्रे उपशाखाको समन्वयमा भएको उक्त तालिम कार्यक्रमको



उद्घाटन नेपाल रेडक्रस सोसाइटी केन्द्रीय समितिका का. वा. अध्यक्ष हरि न्यौपानेले गर्नुभएको थियो। कार्यक्रममा मन्तव्य राख्दै न्यौपानेले रेडक्रसकर्मीहरूले मानवीय भावनाले काम गर्ने गरेको र त्यस्तो कार्य मानव अधिकारको संरक्षणमा सहयोगी हुने धारणा राख्नुभयो। रेडक्रसकर्मीहरू सबैभन्दा प्रखर मानव अधिकारकर्मी बन्नसक्ने हुनाले तालिमले मानव अधिकारको उपभोगवाट वञ्चितहरूको मानव अधिकारको संरक्षणको लागि सहयोग पुग्ने बताउनुभएको थियो। उद्घाटन कार्यक्रममा नेपाल मानव अधिकार संगठनका केन्द्रीय अध्यक्ष इन्द्र अर्याल, नेपाल रेडक्रस सोसाइटीका केन्दीय सदस्य मनोज थापा र राष्ट्रिय मानव अधिकार आयोगका मानव अधिकार अधिकृत हरिप्रसाद ज्ञवालीले मन्तव्य दिनु भएको थियो। कार्यक्रममा जिल्लाका मानव अधिकारकर्मी, नागरिक समाज तथा अन्य सरोकारवालाको उपस्थिति रहेको थियो।

"सबैका लागि घरघरमा मानव अधिकार : शान्ति र विकासको आधार" भन्ने नारालाई आधारभूत तहसम्म पुऱ्याउने उद्देश्यले नेपाल रेडक्रस सोसाइटी काभ्रेका ४० उपशाखाका प्रमुख तथा प्रतिनिधिहरूलाई लक्षित गरी तालिम सञ्चालन गरिएको थियो। उक्त अभिमुखीकरण कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका मानव अधिकार अधिकृत हरिप्रसाद ज्ञवाली र दीपा आचार्यले सहजीकरण गर्नु भएको थियो।

# मानसिक स्वास्थ्यको उपचारको लागि सचेतना आवश्यक

**पाँचथर/** राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय विराटनगरले पाँचथरको फिदिममा मानसिक स्वास्थ्य र मानव अधिकार विषयक कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रममा मानसिक स्वास्थ्य मानव अधिकारको विषय भएकोले सोसँग सम्बन्धित बिरामीलाई स्वास्थ्य सेवा र आवश्यक परामर्श सेवा उपलव्ध गराउन सम्बन्धित निकायलाई सुसूचित गर्नुपर्ने आवश्यकता औंल्याइएको थियो।

उक्त कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला अस्पतालका चिकित्सक, जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि, गैरसरकारी निकाय, पत्रकार, राजनीतिक दलका प्रतिनिधि, मानव अधिकारकर्मी र अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो।

सो कार्यक्रममा मानसिक स्वास्थ्य सम्बन्धी एक वृतचित्र प्रदर्शनका साथै मानसिक स्वास्थ्य विषयमा मानव अधिकार अधिकृत नवराज सापकोटाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यक्रमको अध्यक्षता पाँचथरका मानव अधिकारकर्मी प्रेम ओझाले गर्नुभएको थियो।

कार्यक्रममा बोल्दै जिल्ला अस्पताल पाँचथरका डा. अभिषेक थपलियाले वास्तविकतामा रहने र वास्तविकतामा रहन नसक्ने गरी मानसिक रोगी दुई प्रकारका रहने जानकारी गराउनुभयो। वास्तिवकतामा रहने मानसिक रोगीको उपचार योगा, ध्यान जस्ता पद्दतिबाट गर्न सकिने र वास्तविकतामा नरहने रोगीको उपचार मेडिकल थेरापी र सामाजिक थेरापीको माध्यमबाट गर्न सकिने बताउनुभएको थियो।

# मानव अधिकार शिक्षा कार्यक्रम सम्पन्न

**रसुवा**/ राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुरको आयोजनामा २०७३ असोज १ गते रसुवा जिल्लाको धुन्चेमा मानव अधिकार रक्षकहरूका लागि आधारभूत मानव अधिकार शिक्षा कार्यक्रम सम्पन्न भएको छ ।

सो कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै राष्ट्रिय मानव अधिकार आयोगका मानव अधिकार अधिकृत हरिप्रसाद ज्ञवालीले मानव अधिकार व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादासँग जोडिने भएकोले त्यसको निर्वाध उपभोगको लागि मानव अधिकार रक्षकहरू क्रियाशील हुनुपर्ने बताउनु भएको थियो ।

स्थानीय स्तरमा हुने मानव अधिकार उलंघनका घटनाहरूलाई कानुनको दायरामा ल्याउन र राष्ट्रिय मानव अधिकार आयोगको सबैका लागि घरघरमा मानव अधिकार : शान्ति र विकासको आधार भन्ने नारालाई सार्थक बनाउने उद्देश्यका साथ सम्पन्न गरिएको उक्त कार्यक्रममा जिल्लास्थित मानव अधिकारकर्मी, वडा नागरिक मञ्चका अध्यक्ष तथा सदस्यहरू, महिला स्वास्थ्य स्वयम्सेविका, पत्रकार, गा.वि.स.का सहजकर्ता तथा आमा समूहका प्रतिनिधिहरू लगायत ३५ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा मानव अधिकार, अपराध र मानव अधिकार उल्लंघन तथा मानव अधिकार र मौलिक अधिकारमा फरक, मानव अधिकार रक्षक तथा राष्ट्रिय मानवअधिकार आयोगको बारेमा

जानकारी दिइएको थियो भने जिल्लामा मानव अधिकार उलंघनका के कस्ता समस्याहरू रहेका छन् भन्ने विषयमा छलफल भएको थियो ।

---

# आप्रवासी कामदारहरूको संरक्षण आवश्यक

**विराटनगर** / मानव अधिकारको प्रबर्द्धनात्मक क्रियाकलापअर्न्तगत आयोगको क्षेत्रीय कार्यालय विराटनगरले आप्रबासी कामदारहरूको मानव अधिकार विषयक अन्तरक्रिया कार्यक्रम विराटनगरमा सम्पन्न गऱ्यो । कार्यक्रममा आयोगका नि. क्षेत्रीय निर्देशक झंकरबहादुर रावलले आप्रवासी कामदारहरूको अधिकारको विषयमा प्रकाश पार्दै आधारपत्र पेश गर्नुभएको थियो ।



अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले यस क्षेत्रका युवायुवतीहरू कामको खोजीमा भारत, मलेशियालगायत खाडी मुलुकमा वर्षेनी हजारौंको संख्यामा गइरहेका, गएकामध्ये कतिपय दलालको कारणले ठगिने, बेचबिखनमा पर्ने तथा कडा शारीरिक श्रममा पर्ने गरेको भन्ने सवालहरू उजागर गरेका थिए । उनीहरूले आप्रवासी कामदारहरूको समस्यालाई सरकारले अन्तर्राष्ट्रिय स्तरमा उठाउन नसकिरहेको गुनासो गर्दै यसमा राष्ट्रिय मानवअधिकार आयोगले पहल गर्नुपर्नेमा जोड दिएका थिए । आप्रवासी कामदारहरूको मानव अधिकारहरू र उनीहरूलाई आईपर्ने समस्याहरूका बारेमा सरोकारवालाहरू बीच छलफल गरी समाधानका उपायहरूको बारेमा जानकारी समेत लिन अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, गैरसरकारी संस्था महासंघ, इन्सेक क्षेत्रीय कार्यालय, पूर्वाञ्चल मानव अधिकार रक्षक सञ्जाल, महिला मानव अधिकार रक्षक सञ्जाल, कोकन, ओरेक, माइती नेपाल, सिविन, युवा सञ्जाल, एडभोकेसी फोरम, नागरिक समाज, सीमा सुरक्षा बललगायत विभिन्न निकायका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# आमाबाबुप्रति हेरचाहको बाध्यात्मक अवस्था सिर्जना गरिनुपर्ने

**धनगढी** / राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय धनगढी र महिला तथा बालबालिका कार्यालय कैलालीको संयुक्त आयोजनामा कैलाली जिल्लामा ज्येष्ठ नागरिकको अवस्था, सम्भावना र चुनौतीसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा सरकारी कार्यालय, पेशागत संघ सस्था, व्यवसायी नागरिक समाज, अधिकारकर्मीलगायतले ज्येष्ठ नागरिकसँग सम्बन्धित संविधान र कानुनमा व्यवस्था भएका अधिकारको पूर्णरुपमा कार्यान्वयन गर्ने प्रतिवद्धता सहित फ्लेक्स प्रिन्टमा हस्ताक्षर गरी एकबद्धता जनाएका थिए ।

महिला बालिबालिका कार्यालयका प्रमुख हरिप्रिया बमको अध्यक्षतामा भएको कार्यक्रममा कैलालीका प्रमुख जिल्ला अधिकारी प्रमुख अतिथि रहनु भएको थियो । कार्यक्रमा स्थानीय विकास अधिकारी, धनगढी उपमहानगरपालिकाका कार्यकारी प्रमुख, सेती अञ्चल अस्पतालका मे.सु, जिल्ला सरकारी वकिल, यातायत कार्यालयका प्रमुख, नेपाल राष्ट्र बैकका क्षेत्रीय प्रमुखलगायतका सरकारी कार्यालयका प्रतिनिधि, विभिन्न गैससका प्रमुख र ज्येष्ठ नागरिक क्लवका सदस्य सहितको सहभागिता रहेको थियो । कार्यक्रमा अधिवक्ता राजेन्द्र साँउदले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सहभागीहरूले ज्येष्ठ नागरिकका सम्बन्धमा नेपालको संविधानको मौलिक हक (धारा ४१), ज्येष्ठ नागरिक संरक्षण ऐन २०६३ लगायतका कानुनी प्रावधानका साथै अन्तर्राष्ट्रिय मानव अधिकारका विविध व्यवस्था रहँदा रहदै पनि जुन समस्या ज्येष्ठ नागरिकहरूले सामना गर्नु परेको छ त्यो गम्भीर र पीडादायी रहेको बताएका थिए । यस्तै सहभागीहरुले नैतिक शिक्षाको अभाव, पुस्तागत विचारको भिन्नता, एकात्मक परिवारको अवधारणा, प्रविधिको तीव्र विकास, सोचमा आएको परिवर्तनलगायतका कारण पारिवारिक माया स्नेह र हेरचाहबाट जेष्ठ नागरिकहरु वञ्चित हुन परेको कुरा औल्याए । जेष्ठ नागरिकसम्बन्धी विद्यमान ऐनलाई संसोधन गरी आमाबाबुप्रति छोराछोरीको हेरचाहको बाध्यात्मक अवस्था सिर्जना गरिनुपर्ने तथा ऐनमा भएका प्रावधानलाई पूर्ण रुपमा व्यवहारमा कार्यान्वयन गर्ने कुरामा पनि सहभागीहरुले जोड दिएका थिए ।

# दरवन्दी अनुसारका स्वास्थ्यकर्मी शीघ्र पूर्ति गर्न जरुरी



**कञ्चनपुर** / राष्ट्रिय मानव अधिकार आयोगको क्षेत्रीय कार्यालय धनगढीले महाकाली अञ्चल अस्पतालको अनुगमन गरेको छ । अनुगमनमा सेवाग्रही तथा बिरामीले अस्पतालबाट सेवा, सुविधा, पाए नपाएको र स्वास्थ्य सेवामा न्यूनतम मापदण्डको प्रयोग भए नभएकोलगायतका विषयमा जानकारी, सूचना र तथ्य संकलन गरिएको थियो । अनुगमनका क्रममा महाकाली अञ्चल अस्पतालमा दरबन्दीअनुसारका चिकित्सक र स्वास्थ्यकर्मीहरू उपलब्ध नभएको र अति सघन उपचार कक्षमा आवश्यक दरवन्दी नभएकोले शीघ्र पदपूर्ति गरी नागरिकहरूको स्वास्थ्यको अधिकार संरक्षण गर्न सरोकार वाला निकायलाई अनुरोध गरिएको थियो ।

अनुगमनको क्रममा आयोगका उपनिर्देशक दिपकजंगध्वज कार्कीले नेपाल सरकारले निशुल्क वितरण गर्ने औषधी जिल्ला अस्पताल तथा स्वास्थ्य चौकीलाई मात्र उपलब्ध हुने हुँदा अञ्चल अस्पतालमा आउने लक्षित समूह बाहेकका अन्य बिरामीले उक्त औषधी शुल्क तिरी किन्नुपर्ने देखिएकोले यस्तो विभेदकारी नीतिमा सुधार गरी समानताको सिद्धान्त अवलम्बन गर्नुपर्ने कुरामा जोड दिनुभयो । अनुगमनको क्रममा बिरामी तथा बिरामीका कुरुवाले स्वास्थ्यकर्मीको व्यवहार बिरामीमैत्री नभएको भनी बताएकाले अस्पतालको वातावरण मानवअधिकारमैत्री बनाउन सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिइएको थियो । साथै उपनिर्देशक कार्कीले अस्पतालसँग सम्बन्धित व्यक्तिलाई लक्षित गरी आयोगले मानव अधिकार शिक्षा कार्यक्रम सञ्चालन गर्ने जानकारी दिनु भयो ।



# खाद्य सुरक्षाको सवाल र सरोकारवालाको दायित्व

**मोहनदेव जोशी,**
मानव अधिकार अधिकृत

**१. पृष्ठभूमि**

प्रत्येक व्यक्तिको जीवन, समानता, स्वतन्त्रता, मर्यादा जस्ता विषय आधारभूत मानव अधिकारले समेट्दछ, जुन जन्मसिद्ध अधिकारको रुपमा मानव जातिले प्राप्त गरेको हुन्छ। प्रत्येक मानवलाई बाँच्नको लागि अनिवार्य रुपमा चाहिने गाँस, बाँस, कपास र स्वास्थ्य सुविधा चाहिन्छ । सम्मानपूर्वक बाँच्न पाउने अधिकारले मूलत खाद्यान्न, कपडा, स्वास्थ्य उपचार, बासस्थान, शुद्ध पानी, शिक्षा र सामाजिक सुरक्षाको हकलाई समेट्छ। खाद्य अधिकार अन्य मानव अधिकारको उपभोगको लागि पूर्व शर्तको रुपमा रहेको हुन्छ। सन्तुलित र

गुणस्तरीय खाना बिना मानिस बाँच्न सक्दैन र यसको अभावमा अन्य अधिकार प्रभावहीन र निरर्थक रहन्छन् । अहिले संसारभरिको तथ्याङ्क हेर्दा ८०.५ करोड व्यक्ति भोकमरीमा रहेका छन्। एशियामा ६५ प्रतिशत भोकमरी देखिन्छ। भोकमरीका कारण विश्वमा प्रत्येक सेकेण्डमा एक जना बालकले मृत्युवरण गरिएका छन् भने प्रत्येक ९ जनामा एक जनाले भोकै सुत्नुपर्ने बाध्यता

रहेको छ । विश्व खाद्य कार्यक्रमको तथ्याङ्कमा HIV/AIDS, TB तथा मलेरियाले भन्दा भोकको कारणले बढी व्यक्तिको मृत्यु भएको देखिन्छ। गरिबी भनेको मानव अधिकारको उल्लघंनको अवस्था हो। विकासशील राष्ट्रमा १.४ अरब मानिस गरिबीको रेखामुनि रहेका छन्। ७५ प्रतिशत जीविकोपार्जनको लागि कृषिमा निर्भर रहेको खाद्य तथा कृषि संगठनको तथ्याङ्कमा देखिन्छ।

नेपालमा *खाद्य सुरक्षा/अधिकारको अवस्था विगतदेखि चिन्ताजनक बन्दै आएको छ । बढ्दो महँगी, उत्पादनमा ह्रास, अस्वस्थ खाद्य, उत्पादनशील क्षेत्रका जग्गाहरू घर घडेरीमा परिणत हुदै जानु, कृषिमा व्यवसायीकरण हुन नसक्नु, कृषि मजदुरको अभाव, मौसम तथा वातावरणमा भइरहेको परिवर्तनको असर रहनु, रासायनिक मल, बिउ बिजन सिँचाइँ आदिको अभाव, कृषिप्रधान मुलुक भनिए पनि सबै किसिमका खाद्यान्न आयत गर्नुपर्ने अवस्था विद्यमान रहेको छ।*

नेपालको सुदुरपश्चिम क्षेत्र मानव विकास सूचङ्काकमा अति पछाडि रहेको र गरिबी चरम रुपमा रहेको क्षेत्र हो।

**२. सुदुरपश्चिममा खाद्य सुरक्षा**

सुदुरपश्चिमको केन्द्रको रुपमा रहेको कैलाली जिल्ला जहाँ अन्य सबै जिल्लाहरूबाट अवसरको खोजीका लागि बसाइसराइ गर्नेको संख्या दिनहुँ बढ्दो क्रममा रहेको छ । जिल्ला कृषि विकास कार्यालय कैलालीको तथ्याङ्कमा कैलालीको कूल क्षेत्रफल ३२५०० हेक्टरमध्ये २७.८ प्रतिशत कृषियोग्य जमिन रहेकोले यो जिल्ला खाद्यन्नमा आत्मनिर्भर रहेको देखिन्छ । तर बसाईसराइका कारण खेतीयोग्य जमिन तीव्र रुपमा खण्डीकरण हुँदै घर-घरेडीमा परिणत भइरहेको छ।

कैलालीमा जिल्लामा रहेका मुक्त कमैया, हलिया, बादी, राजी समुदाय तथा ठूलो संख्यामा रहेका भूमिहीनहरूको खाद्य सुरक्षाको अवस्था चुनौतीपूर्ण रुपमा रहेको छ।

**३. खाद्य सुरक्षा र कानूनी प्रावधान**

नेपालको संविधान २०७२ को **धारा ३६ मा प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ** र प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिम पर्ने अवस्थाबाट सुरक्षित हुने हक उल्लेख छ। यस्तै **धारा ४४ ले उपभोक्ताको हकमा** प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ र गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हकका साथै सम्मानित जीवन, शिक्षा, स्वास्थ्य, आवास, स्वच्छ वातावरण आदि मौलिक हकको रुपमा प्रत्याभूत गरिएका देखिन्छ । संविधानमा रहेको राज्यको कृषि र भूमिसुधार नीतिमा भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने, अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, किसानको हक हित संरक्षण र संबर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने, भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने, कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने व्यवस्था छ। खाद्य ऐन, २०२३ तथा नियमावली, २०२७ मा सर्वसाधारण जनताको स्वास्थ्य तथा सुविधालाई कायम राख्न खाद्य पदार्थमा कुनै अवाञ्छनीय मिसावट रोक्न वा खाद्य पदार्थमा रहेको स्वभाविक गुण वा उपयोगिता घटाउन वा झिक्न नपाउने गर्न र खाद्य पदार्थको उचितस्तर बनाई राख्ने भन्ने व्यवस्था छ।

**४. सम्मानित सर्वोच्च अदालतबाट भएको परमादेश**

अधिवक्ता प्रकाशमणि शर्मा निवेदक तथा विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत भएको सम्वत २०६७ सालको रिट नं ०१४९ मा परमादेश आदेशमा श्री सर्वोच्च अदालतले खाद्य अधिकार को सन्दर्भमा गरेको आदेशमा "देशको कुनै पनि भागमा खाद्यान्न अभाव भएमा विदेशबाट आयात गरेर भए पनि यथासक्य चाँडो अभाव क्षेत्रमा खाद्यान्न उपलब्ध गराई उपलब्ध गराएको खाद्यान्न सुपथ मूल्यमा सरल तरिकाले भोकमरीबाट पीडित जनताले खाद्यान्न प्राप्त गर्न सक्ने वातावरण सिर्जना गर्ने सरकारको संवैधानिक कर्तव्य हो । कुनै प्राकृतिक प्रकोप वा खडेरी परेको कारण वा अत्याधिक वर्षाको कारण वा अन्य कुनै मानवीय कारण नेपालको कुनै पनि भागमा खाद्यान्नको अभाव हुन दिनु हुँदैन। देशभित्र उत्पादन भएन वा देशमा खाद्यान्न उपलब्ध भएन भने बाह्य देशबाट आयात गरेर भए पनि

अनिकाल वा भोकमरी हुन नदिने व्यवस्था गर्ने सरकारको संवैधानिक कर्तव्य हो। राज्यले यसप्रकार आपतकालको लागि निःशुल्क खाद्यान्न उपलब्ध गराउनु पर्ने अवस्था आउन सक्छ। आवश्यक परे यस्तो अवस्थामा सरकार पछि हट्न हुँदैन। पहाडी देश भएको कारण खाद्यान्न अभाव भएमा सडक वा हवाई यातायात जुन मार्गबाट भए पनि कति विलम्ब नगरी यथासक्य चाँडो अभाब क्षेत्रमा खाद्यान्न उपलब्ध गराउने सरकारको कर्तव्य हुँदा भविष्यमा यस्तो खाद्यान्नको अभाव वा खाद्य संकटको अवस्था उत्पन्न हुन नदिन समयमै उचित व्यवस्था गर्न र भविष्यमा यस्तो अवस्था आइपरे हवाई वा सतही जुनसुकै मार्गद्वारा पनि समयमै खाद्यान्न आपूर्ति र उपलव्ध गराई नागरिकहरूलाई भोकमरीबाट बचाउन आवश्यक व्यवस्था गराउने गर्नु भनी निर्देशनात्मक आदेश जारी गरिएको छ।

### ५. अन्तर्राष्ट्रिय प्रावधान

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ मा जीवन स्वतन्त्रता र सुरक्षाको अधिकार, धारा २५ ले प्रत्येक व्यक्तिलाई आफू र आफ्नो परिवारको स्वास्थ्य तथा कल्याणको लागि स्तरीय जीवनको अधिकार रहनेछ भन्ने उल्लेख छ। आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुबन्ध, १९६६ को धारा ११ मा राज्यले नागरिकहरूलाई पर्याप्त जीवनस्तर तथा भोकबाट मुक्ति दिलाउने उद्देश्यले खाद्यान्नको समुचित संरक्षण तथा वितरणको व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ। नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा ६ मा नागरिकको बाँच्न पाउने अधिकार सुनिश्चत भएको छ, जसको अर्थ जीवन निर्वाहको लागि पर्याप्त भोजन तथा आवश्यक विषय रहन्छन्। साधारण टिप्पणी नं. १२ मा प्रत्येक पुरुष, महिला, बालबालिका समेतलाई व्यक्तिगत वा सामूहिक रुपमा प्रत्येक समय र अवस्थामा शारीरिक र आर्थिक रुपले खाद्य पदार्थसम्म पहुँच, खरिदको लागि समेत) पर्याप्त खाद्यको अधिकार रहने, प्रत्येक राज्यले भोकबाट मुक्तिका लागी आवश्यक र उचित कदम चाल्नेछन भन्ने उल्लेख गरिएको छ।

### ६. सरोकारवालाको दायित्व

समग्र मानव अधिकारको संरक्षक राज्य भएको हुँदा वर्तमान संविधानको धारा ३६ ले खाद्य अधिकारलाई मौलिक हकको रुपमा नेपाली नागरिकहरूलाई प्रत्याभूति गरिएको अवस्थामा खाद्यान्न अभावको कारण जीवनको अधिकार गुम्न जाने अवस्था आउन नदिनु नेपाल सरकारको दायित्व हो।

आर्थिक र समाजिक अधिकार महासन्धिको पक्ष राष्ट्र भएकोले खाद्य अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको दायित्व राज्यको रहन्छ। आधुनिक तथा वैज्ञानिक खेती प्रणालीको विकास गरी परम्परागत प्रविधिको संरक्षण गरिनुपर्ने र कृषि उत्पादनमा राज्यले विशेष अनुदान दिनु पर्छ।

राजनीतिक दलहरूले शासन व्यवस्था सञ्चालन गर्ने हुँदा खाद्य सुरक्षा प्रत्येक व्यक्ति, घर, परिवार, समुदायमा सुनिश्चित भएमा मात्र राष्ट्रियस्तरमा सुरक्षित मान्न सकिने हुँदा खाद्य सुरक्षाका सम्पूर्ण कार्यक्रम गतिविधि विकेन्द्रित रुपमा आवश्यकताको आधारमा योजना तर्जुमादेखि कार्यान्वयन र अनुगमनको व्यवस्थापन गर्नुपर्छ।

## सूचना अधिकारी तोकिएको

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ६ को उपदफा १ अनुसार आयोगका कार्यालयहरुमा तपसिल बमोजिम सूचना अधिकारी तोकिएको छ।

| सि.नं | कार्यालय | सूचना अधिकारीको नाम | पद |
|---|---|---|---|
| १ | केन्द्रीय कार्यालय | डा. टीकाराम पोखरेल | उपनिर्देशक |
| २ | क्षेत्रीय कार्यालय, विराटनगर | श्री सन्तोष आचार्य | मानव अधिकार अधिकृत |
| ३ | क्षेत्रीय कार्यालय, जनकपुर | श्री सोमनाथ सुवेदी | मानव अधिकार अधिकृत |
| ४ | क्षेत्रीय कार्यालय, पोखरा | श्री सम्झना शर्मा | प्रशासकीय अधिकृत |
| ५ | क्षेत्रीय कार्यालय, नेपालगञ्ज | श्री रमेशकुमार थापा | मानव अधिकार अधिकृत |
| ६ | क्षेत्रीय कार्यालय, धनगढी | श्री मोहनदेव जोशी | मानवअधिकारअधिकृत |
| ७ | उपक्षेत्रीय कार्यालय, खोटाङ | श्री अम्बिका घिमिरे | मानव अधिकार अधिकृत |
| ८ | उपक्षेत्रीय कार्यालय, बुटवल | श्री चन्द्रकान्त चापागाई | मानव अधिकार अधिकृत |
| ९ | उपक्षेत्रीय कार्यालय, जुम्ला | श्री कुमारी महरा | मानव अधिकार अधिकृत |

यसैगरी राष्ट्रिय मानव अधिकार आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा १ बमोजिम त्रैमासिक (श्रावण, भाद्र, आश्विनको) अद्यावधिक सूचना विवरण प्रकाशित गरेको छ। उक्त त्रैमासिक सूचनामा आयोगको स्वरुप, आयोगको काम कर्तव्य र अधिकार, आयोगमा रहने कर्मचारी संख्या र दरबन्दी विवरण, आयोगबाट प्रदान गरिने सेवा, सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि, निर्णय गर्ने प्रक्रिया र अधिकारी, निर्णय उपर उजुरी सुन्ने अधिकारी, आयोगले सम्पादन गरेको कामको विवरण, सूचना अधिकारी र प्रमुखको नाम र पद, जारी ऐन, नियम, विनियम र निर्देशिकाको सूची, आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण उल्लेख छ।

**सबैका लागि घर घरमा मानवअधिकार**

**शान्ति र विकासको आधार**

महिला माथि हुने हिंसा तथा सबै प्रकारका विभेदको खुलेर विरोध गरौं। महिला अधिकार हनन् भएमा नजिकको प्रहरी कार्यालय, स्थानीय निकाय, राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानवअधिकार आयोग तथा अदालतमा उजुरी गरौं।

## मानव अधिकार उल्लङ्घनसम्बन्धी कुनै पनि घटनाका बारेमा राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी गरौं ।

### उजुरी दर्ता गराउँदा कुनै दस्तुर लाग्दैन ।

उजुरी कुनै पनि भाषामा लिखित वा मौखिक रूपमा दिन सकिने छ ।
मानव अधिकार उल्लङ्घनकर्तालाई कानुनी कारबाही गराउन र पीडितलाई क्षतिपूर्ति दिलाउन आयोगले पहल गर्नेछ ।

**उजुरी दिने ठेगानाः**

**राष्ट्रिय मानव अधिकार आयोग**
केन्द्रीय कार्यालय, हरिहरभवन, पुल्चोक ललितपुर, नेपाल
फोनः ०१ ५०१००१५ हटलाइन ०१ ५०१००००
इमेलःcomplaints@nhrcnepal.org Website: www.nhrcnepal.org
Facebook:www.facebook.com/National-Human-Rights-Commission-of-Nepal-NHRC-Nepal
Twitter: @NepalNHRC

### क्षेत्रीय कार्यालयहरू

क्षेत्रीय कार्यालय, बरगाछी, विराटनगर,
फोनः ०२१-४६१९३१, ४६१०९३, फ्याक्सः +९७७-२१-४६११००, इमेलःnhrcbrt@nhrcnepal.org
क्षेत्रीय कार्यालय, जनकपुर,
फोनः ०४१-५२७८११, ५२७८१२ फ्याक्सः +९७७-४१-५२७२५०इमेलःnhrcjnk@nhrcnepal.org
क्षेत्रीय कार्यालय, पोखरा,
फोनः ०६१-४६२८११, ४६३८२२, फ्याक्सः ९७७-६१-४६५०४२, इमेलःnhrcpkr@nhrcnepal.org
क्षेत्रीय कार्यालय, नेपालगञ्ज,
फोनः ०८१-५२६७०७, ५२६७०८, फ्याक्सः ९७७-८१-५२६७०६, इमेलःnhrcnpj@nhrcnepal.org
क्षेत्रीय कार्यालय, धनगढी,
फोनः ०९१-५२५६२१, ५२५६२२, फ्याक्सः ९७७-९१-५२५६२३, इमेलःnhrcdhn@nhrcnepal.org

### उप-क्षेत्रीय कार्यालयहरू

जुम्ला, खलङ्गा, फोनः ०८७-५२०२२२ इमेलः nhrcjum@nhrcnepal.org
खोटाङ, दिक्तेल, फोनः ०३६-४२०२८४ इमेलः nhrckht@nhrcnepal.org
रुपन्देही, बुटवल, फोनः ०७१-५४६९११ इमेलः nhrcbtl@nhrcnepal.org

**मानव अधिकार पत्र प्रकाशन समिति**
**संयोजकः कोषराज न्यौपाने**
**सदस्यहरूः श्रीराम अधिकारी, हरिप्रसाद ज्ञवाली, कैलाशकुमार सिवाकोटी, सुवोध पोखरेल, दुर्गा पोखरेल**

मुद्रणः सिमोन प्रिन्टर्स एण्ड ट्रेडर्स, काठमाडौं, फोनः ०१-५२६००३०